# करार सेवामा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशन मिति २०७७/०८/२८)**

यस वित्तीय संस्थाको आ.व.२०७७/०७८ को कार्यक्रम तथा बजेटमा स्वीकृत करार कर्मचारी दरबन्दीमध्ये **पदः वरिष्ठ अधिकत (सिए)** , **अधिकत तृतीय श्रेणी, तहः ७** मा १ (एक) वर्षको लागि र संस्थाको आवश्यकता तथा कार्यसम्पादन मूल्याङ्कनको आधारमा सेवा अवधि थप हुन सक्ने गरी करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरूबाट आफूले प्राप्त गरेको नागरिकता, शैक्षिक योग्यता, तालिम र अनुभवका प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरू एवं हालै खिचिएको पासपोर्ट साईजको २ (दुई) प्रति फोटो सहित यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्रमा तोकिएको ढाँचाको दरखास्त एवं वैयक्तिक विवरण फाराम यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा बुझाउन आह्वान गरिएको छ। आवेदन दिने उम्मेदवारले नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा नेपालको मान्यता प्राप्त विश्वविद्यालयबाट समकक्षता (Equivalence) निर्धारण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। म्याद भित्र पेश नभएको र रित नपुगी आएको दरखास्त एवं वैयक्तिक विवरण फाराम उपर कुनै किसिमको कारवाही हुनेछैन । दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सार्वजनिक बिदा पछिको कार्यालय खुल्ने पहिलो दिन कार्यालय समय भित्रसम्म दरखास्त एवं वैयक्तिक विवरण फाराम बुझाउनु पर्नेछ । दरखास्त एवं वैयक्तिक विवरण फारामको ढाँचा र सेवाका सर्त तथा सुविधाहरु यस वित्तीय संस्थाको Website: www.skbbl.com.np बाट Download गरी प्राप्त गर्न सकिनेछ। आवेदन फाराम बुझाउदा दरखास्त दस्तुर वापत रु.५००।- (अक्षरुपी रु. पाँच सय) मात्र नगदै बुझाउनु पर्नेछ। वैयक्तिक विवरण (CV) मूल्याङ्कन गर्दा छनौट सूची (Short Listing) मा परेका उम्मेदवारहरूलाई मात्र मामिला प्रस्तुतीकरण (Case Presentation) तथा अन्तर्वार्ताका लागि बोलाईने छ।

| विज्ञापन नम्बर | पद, श्रेणी र तह | आवश्यक पद संख्या | काम गर्नु पर्ने स्थान | आवश्यक शैक्षिक योग्यता र कार्य अनुभव | उमेरको हद | सेवाका सुविधाहरु |
|---|---|---|---|---|---|---|
| ०४/ २०७७/ ०७८ | वरिष्ठ अधिकृत (CA) अधिकृत तृतीयश्रेणी तह : ७ (सातौं) | २ (दुई) | केन्द्रीय कार्यालय तथा आवश्यकता अनुसार इलाका कार्यालयहरू । | मान्यता प्राप्त संस्थाबाट Chartered Accountant उतीर्ण भई ICAN को सदस्यता प्राप्त गरी नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरूमा कम्तीमा १ वर्ष काम गरेको वा लेखापरीक्षण कार्य सम्बन्धी कम्तिमा १ वर्षको अनुभव भएको । Nepal Financial Reporting Standards (NFRS) सम्बन्धी कार्य अनुभव भएकालाई विशेष ग्राह्यता दिइनेछ । | आवेदन दिने अन्तिम मिति सम्ममा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको । | वरिष्ठ अधिकृत, तहः ७ सरहको तलव, भत्ता तथा करारनामामा उल्लेख भए अनुसारको अन्य सुविधाहरु उपलब्ध गराइने । |

**पदपूर्ति समिति**

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय सुविधानगर, काठमाण्डौ, नेपाल
फोन : ०१-४१११७५२/८२८/९२३